# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## बिराटनगर, नेपाल ।

आ.व.: २०८२/०८३ मितिः २०८२।०४।०६ गते

श्री क्याम्पस प्रमुख /डाइरेक्टरज्यू,
M.Sc.P.R.D./ M.A.M.C.J./ M.M.T./ M.S.W. अध्यापन गराउने सम्पूर्ण कलेज/ क्याम्पसहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने **कला संकाय** अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकोत्तर तह **M.Sc.P.R.D., M.A.M.C.J., M.M.T.** र **M.S.W.** शैक्षिक कार्यक्रमहरुको **प्रथम** र **तेश्रो सेमेष्टरको** (सन् 2025 मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित तथा आंशिक** तर्फ त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई **मिति २०८२।०४।२६ गतेसम्म** परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क वापतको रकम **नबिल बैंक** स्थित यस कार्यालयको **A/C 00710017518402** मा **मिति २०८२।०५।०३ गतेभित्र** जम्मा गरी सोको सक्कलै बैंक भौचर (Customer Copy) तथा परीक्षा आवेदन फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा **मिति २०८२।०५।०५ गते भित्र** उपलब्ध गराउनुहुन जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान................. यसै पत्र साथ संलग्न गरी पठाइएको छ । साथै, तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालना गरि/गराई दिनुहुन समेत जानकारी गराइएको छ ।

तपसिलः

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी Batch छुट्टयायी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक Batch को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।**
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडी कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फाराममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फाराम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या **(Subject-Wise Data)** खुलाई अनिवार्यरुपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
६. परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा विद्यार्थीलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
९. **परीक्षा शुल्क देहाय बमोजिम हुने छ–**

| क्र.सं. | विवरण | स्नातकोत्तरतह |
|---|---|---|
| १. | नियमित / आंशिक (२०२० समुह देखि) | रु. २१००।- |
| २. | नियमित (२०१९ समुह सम्म) | रु. १६००।- |
| ३. | आंशिक १ विषय | रु. ६००।- |
| ४. | आंशिक २ विषय | रु. ११००।- |
| ५. | आंशिक २ भन्दा बढि विषय | रु. १६००।- |
| ६. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु. १०००।- |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु. २०००।- |
| ८. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु. ३०००।- |
| **सम्बन्धन शुल्क (प्रति विद्यार्थी / २०२३ समुह देखि):** | | |
| ९. | MAMCJ / MMT / MDC / MSW | रु. १००००।- |
| १०. | M.Sc. PRD | रु. ६०००।- |
| **सम्बन्धन शुल्क (प्रति विद्यार्थी / २०२२ समुह सम्म):** | | |
| ११. | MAMCJ | रु. ८०००।- |
| १२. | MMT | रु. ६०००।- |
| १३. | MDC / MSW | रु. ५०००।- |

नोट : क्र.सं. ७ र ८ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरुहुने परीक्षालाई शुरु भएको दिन मानिने छ ।

सह-परीक्षा नियन्त्रक